आर्थिक वर्ष : २०८१/८२
बैठक संख्या :१३

आज मिति २०८२/०१/०२ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति:</u>

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री डन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री दिपक ढुङ्गाना सहायक प्रशासकीय अधिकृत
श्री शंकर चापागाई सहायक लेखा अधिकृत
श्री सन्तोष पौडेल कार्यालय सहयोगी

CS CamScanner

(मिति २०८२/०१/०२)

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १

नवप्रवर्तन कोष कार्यान्वयनका सम्बन्धमा।

निर्णय नं. १

गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८१/१२/२२ गते प्रकाशित नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणापत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम नवप्रर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ अनुसार चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनका लागि सोही निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा अवधारणापत्र तयार गरी पेश गर्ने र नियमानुसार उक्त परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने रकम गाउँपालिकाको तर्फबाट साझेदारी गर्ने सर्वसहमतिले निर्णय गरियो। साथै उक्त अवधारणापत्र तर्जुमा र कार्यान्वयनको निमित्त तपसिल बमोजिम सदस्य रहने गरी नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :

संयोजक : भेषराज आचार्य, प्रमुख प्रशासकीय अधिकृत

सदस्यः पिताम्बर पोखेल, प्रशासकीय अधिकृत

सदस्यः सन्तोष बि.क., कृषि अधिकृत

सदस्यः प्रमिला पौडेल, इन्जिनियर

सदस्यः शंकर चापागाई, सहायक लेखा अधिकृत

सदस्यः देब शाह, पशु चिकित्सक

सदस्य सचिवः भेष बहादुर जि.टी., प्रशासकीय अधिकृत

प्रस्ताव नं. २.

गाउँ शिक्षा समितिको सिफारिस सम्बन्धमा।

निर्णय नं. २.

बिरुवा गाउँपालिका गाउँ शिक्षा समितिको विभिन्न मितिमा बसेका बैठकबाट गाउँकार्यपालिका समक्ष सिफारिस भएका विषयमाथी छलफल गरी तपसिल बमोजिम गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो।

तपसिल :

क. बिरुवा गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८१/१२/२८ गतेको बैठकबाट गाउँपालिका अन्तर्गत सञ्चालित विद्यार्थी संख्या न्युन भएका तपसिलका विद्यालयहरुलाई तपसिल बमोजिम सञ्चालन गर्न/गराउनको लागि सिफारिस भईआएको हुँदा सो को लागि स्वीकृती प्रदान गर्ने निर्णय गरियो

CamScanner

तपसिल :

- श्री मनकामना आधारभूत विद्यालय र श्री चैतन्य आधारभूत विद्यालयलाई शैक्षिक सत्र २०८३ सालमा मर्ज गर्ने ।
- श्री पानधारा आधारभूत विद्यालयलाई कक्षा (बालविकास — कक्षा ४) सम्म बनाउने
- श्री जनजागृति आधारभूत विद्यालय ०७, लाई कक्षा (बालविकास — कक्षा ७) सम्म बनाउने ।
- श्री महेन्द्र आधारभूत विद्यालयलाई कक्षा ( बालविकास — ४) सम्म बनाउने ।
- श्री जनजागृति आधारभूत विद्यालय ०६ लाई कक्षा (बालविकास — कक्षा ७) सम्म बनाउने।
- श्री देववाणी आधारभूत विद्यालय-०५, लाई कक्षा (बालविकास — कक्षा ७) सम्म बनाउने।
- श्री दिव्यप्रकाश माध्यमिक विद्यालय अन्तर्गत रहेको बालविकास केन्द्रको १ जनालाई श्री भविष्य निर्माण माध्यमिक विद्यालय-०४ मा सार्ने ।

ख. संघीय शसर्तको ICT LAB सम्बन्धी कार्यक्रममा बिरुवा गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक तर्फका माध्यमिक विद्यालयहरुले १ पटक पाईसकेकोले यस वर्ष विद्यार्थी संख्या तथा आवश्यकताका आधारमा श्री किचानास आधारभूत विद्यालय ०५, लाई प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.**

अपाङ्ग अशक्त कार्यक्रम सम्बन्धमा।

**निर्णय नं. ३.**

बिरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को बार्षिक बजेटमा समावेश अपाङ्ग सम्बन्धि कार्यक्रम (रु ३ लाख) बाट बिरुवा गाउँपालिका क्षेत्रभित्र रहेका अपाङ्ग (पहेलो र सेतो परिचयपत्र प्राप्त नेपाल सरकारको सरकारी सेवामा स्थायी नियुक्ति प्राप्त गरेका बाहेक) व्यक्तिहरुको स्वास्थ्य विमा गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ४**

विविध

**निर्णय नं. ४**

क. बिरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गाउँपालिका स्तरीय फुटकर योजना बजेट शीर्षकबाट तपसिल योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क.स. | योजनाको नाम/विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | रोजीखोला र बाङ्ग्रेविचको गोरेटो बाटो ढलान | २५,०००।- | |

| | | | |
|---|---|---|---|
| २ | छिपाखेत जाने बाटो निर्माण | १०,०००।- | |
| ३ | तल्लो बलेउ खानेपानी टंकी तथा सडक संरक्षण | २,००,०००।- | |

ख. विरुवा गाउँपालिका वडा नं. ३ बस्ने श्री भिम कुमारी कामी मिति २०८१/१२/२१ गते आगलागिमा परी गम्भिर घाईते भई उपचारका क्रममा रहेको र उपचारका क्रममा ठूलो रकम खर्च हुने देखिएको तथा निजको आर्थिक अवस्था कमजोर रहेकोले निजलाई रु २०,०००/- आर्थिक सहायतता प्रदान गर्ने निर्णय गरियो।

ग. बिरुवा गाउँपालिका कार्यालयद्धारा गत आ.व. र यस आ.व. मा संचालित ढाका बुनाई तालिम संचालनका लागि प्रयोग गरिएका ढाका बुन्ने तानलाई प्रविधि हस्तान्तरणस्वरुप उक्त तालिम लिएका प्रशिक्षार्थीहरुलाई उनीहरुको न्युनतम २० प्रतिशत लागत सहभागिता रहने गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

घ. पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत नवप्रगतीशील आमा समूह बिरुवा १ कार्कीडाँडाले उज्यालो कार्कीडाँडा योजनाको प्रस्ताव पेश गरी योजना स्वीकृत भएकोमा हाल नवप्रगतीशील आमा समूहका पदाधिकारीहरु बैदेशिक रोजगारमा गएको हुँदा उक्त आमा समूहद्धारा उल्लेखित योजना कार्यान्वयन गर्न सम्भव नभएकोले स्थानीय स्तरमा उपभोक्ता समिति गठन गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो।